# तुलसीपुर उपमहानगरपालिकास्तरीय फोहरमैला व्यवस्थापन कार्यविधि- २०७८

पारित मिति : २०७८।१२।२५
प्रमाणिकरणको मिति : २०७८।१२।३०
पृष्ठ संख्या : १२

घनश्याम पाण्डे (नगर प्रमुख)

तुलसीपुर उपमहानगरपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, तुलसीपुर दाङ

# तुलसीपुर उपमहानगरपालिकास्तरीय फोहरमैला व्यवस्थापन कार्यविधि- २०७८

**प्रस्तावना**

तुलसीपुर उप-महानगरपालिकामा फोहर व्यवस्थापनको लागि स्थानीय, नीजि क्षेत्र तथा स्थानीय सरकार समेतको सहभागितालाई जोड दिदै, अपनत्व तथा जवाफदेहितालाई प्रबद्धन गरि फोहर व्यवस्थापनमा तथ्याङ्क संकलन, प्रविधि प्रणाली, कम्पोष्टिङ्ग उपकरणको उपयोग तथा व्यवस्थापन, नीजि क्षेत्र संगको सहकार्य, समुदाय सचेतना, अभिमुखिकरण तथा अभियानहरु संचालन गर्न, फोहर संकलन देखि व्यवस्थापन सम्मका सबै कार्यहरु सम्बन्धी पर्याप्त जानकारी दिन, फोहरको बर्गीकरण उपयुक्त र प्रभावकारी तबरले गर्न, अस्पतालजन्य फोहर र प्लास्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, लगायतका कार्यहरु गर्न वाञ्छनीय भएकोले तुलसीपुर उपमहानगरपालिकाले "स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को १ बमोजिम बनाइएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ" भन्ने अधिकार प्रयोग गरी यो तुलसीपुर उपमहानगरपालिकास्तरीय फोहरमैला व्यवस्थापन कार्यविधि-२०७८ तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "तुलसीपुर उपमहानगरपालिकास्तरीय फोहरमैला व्यवस्थापन कार्यविधि- २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको उपमहानगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले उपमहानगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "विषयगत शाखा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखालाई सम्झनु पर्छ ।

(ज) "कार्यविधि" भन्नाले फोहरमैला व्यवस्थापन कार्यविधि-२०७५ सम्झनुपर्छ ।

(झ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ञ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हनु नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउनेगरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धवा, धलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल रार्पत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई सम्झनु पर्दछ ।

(ट) फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनुपर्छ ।

(ठ) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ समेतलाई सम्झनु पर्छ ।

(ड) "रासायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(ढ) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ ।

(ण) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(त) "प्रविधि प्रणाली" भन्नाले फोहर व्यवस्थापन तथा संचालनको लागि विद्युतिय प्रणाली सहितको सूचना, तथ्याङ्कमा आधारित रही योजना निर्माण, कार्यान्वयन तथा निर्णय प्रकृया अवलम्बन गर्ने प्रणाली सम्झीनु पर्दछ ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद- २

## तुलसीपुर उपमहानगरपालिकास्तरीय फोहरमैला व्यवस्थापन कार्यविधि- २०७८ जारी गरिनुको उद्धेश्य

३) **उद्धेश्य:** यस उपमहानगरपालिकामा फोहरको दिर्घकालिन व्यवस्थपन गर्नको लागि तुलसीपुर उपमहानगरपालिकास्तरीय फोहरमैला व्यबस्थापन कार्यविधि-२०७८ जारी गर्नुको निम्न बमोजिमको उद्धेश्य रहेको छ ।

(क) तुलसीपुर उपमहानगरपालिका भित्र रहेका फोहर व्यवस्थापनको समस्याहरु समाधानका लागि नीजि, सहकारी, गैरसरकारी संस्थाहरु संग सहकार्य गर्नु ।

(ख) उपमहानगरपालिकाले अवलम्बन गरेको फोहर व्यवस्थापनको डिजिटल प्रणालीहरुबाट प्राप्त विवरणको विश्लेषण गर्नु ।

(ग) उपमहानगरपालिका भित्रको फोहरलाई डिजिटल प्रणाली मार्फत सुपरिवेक्षण गर्नु ।

(घ) विभिन्न प्रणालीहरुको माध्यमबाट उपलब्ध भएका फोहर सम्बन्धी तथ्याङ्कहरुको विश्लेषण गर्नु ।

(ङ) समुदाय तथा नागरिकस्तरले डिजिटल प्रणालीबाट दर्ता गरेका फोहर सम्वन्धी गुनासाहरुको समाधानको लागि स्थानीय सरकार, फोहर व्यवस्थापन गर्ने निकाय र नागरिक समाज लगायतका सरोकारवालाहरु वीचको सहकार्यको लागि पहल गर्नु ।

(च) फोहर सम्बन्धी उपलब्ध हुने तथ्याङ्कहरुको आधारमा फोहोर व्यबस्थापनका लागि अभियान योजना गरि कार्यान्वयनको लागि तुलसीपुर उपमहानगरपालिका, वडाहरु र सरोकारवालाहरु संग समन्वय गर्नु ।

(ज) जैविक मल उत्पादन गर्ने मेसिनको संचालन तथा दिगोपनाको लागि आवश्यक रेखदेख, अनुगमन तथा सहयोग उपलब्ध गराउनु ।

(झ) स्थानीयस्तरमा नीजि तथा स्थानीय तहको संयुक्त सहभागितालाई जोड दिदै, अपनत्व तथा जवाफदेहितालाई प्रवद्धन गरि फोहरमैला व्यवस्थापन गर्न ।

(ञ) फोहरमैला व्यवस्थापनका लागि नयाँ प्रविधि तथा कम्पोष्टिङ्ग उपकरणको उपयोगलाई व्यापकता दिनु ।

(ट) फोहरमैला व्यवस्थापनको लागि अभिमुखिकरण कार्यक्रम तथा अभियानहरु संचालन गर्नु ।

(ठ) फोहरमैला संकलन देखि व्यवस्थापन सम्मका, फोहरको उपयुक्त बर्गीकरण प्रभावकारी तवरले गर्नु ।

(ड) प्लास्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउनु ।

(ढ) छाडा चौपायाहरुबाट सृजित फोहरमैलालाई उपयुक्त विधि द्धारा व्यवस्थापन गर्नु ।

## परिच्छेद- ३

## फोहरमैला व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार



घनश्याम पाण्डे
प्रमुख

४) **फोहरमैला व्यवस्थापन समितिको गठनः** फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न उपमहानगरपालिकामा देहायनुसारको फोहरमैला व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) वन, बातावरण तथा विपद् व्यबस्थापन समितिको संयोजक वा नीजले तोकेको व्यक्ति - अध्यक्ष

(ख) स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि - सदस्य (एक जना)

(ग) फोहरमैला संकलन केन्द्र रहेको क्षेत्रका समुदायकाको तर्फबाट - सदस्य (दुई जना, कम्तीमा एक जना महिला सहित)

(घ) फोहर मैला व्यवस्थापन सम्बन्धी विज्ञ - सदस्य (एक जना)

(ङ) विपद् व्यवस्थान शाखाको शाखा प्रमुख - सदस्य (एक जना)

(च) सरसफाइ तथा फोहर मैला व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

५) **फोहर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** तुलसीपुर उपमहानगरपालिकामा फोहरमैला व्यवस्थापन गर्नको लागि गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) तुलसीपुर उपमहानगरपालिका कार्यपालिकामा रहेको सूचना तथा सञ्चार प्रविधि शाखा -IT Section) सँग समन्वय गरि स्थानीय सरकार तथा स्थानीय स्तरमा कार्यरत संघसंस्थाहरुले तयार गरेको फोहरमैला व्यवस्थापन सम्बन्धी डिजिटल प्रणालीको माध्ययमबाट प्राप्त हुने तथ्याङ्कहरु संकलन गर्ने र आवश्यकता बमोजिम फोहरमैला व्यवस्थापन योजना निर्माण गर्ने ।

(ख) फोहरमैला व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको १ पटक वा आवश्यकता बमोजिम बस्नेछ ।

(ग) फोहरमैला सम्बन्धी उपलब्ध भएका गुनासोहरु उपर छलफल गरि, समाधानको लागि योजना, रणनीति बनाई समाधन गर्ने तथा बृहत्त किसिमको समस्याहरु समाधानको लागि तुलसीपुर उपमहानगरपालिकालाई बिकल्प प्रस्तुत गर्ने ।

(घ) फोहोरमैला व्यबस्थापनको लागि सरकार, नीजि क्षेत्र, सरोकारवालाहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरू सँग र समुदाय वीचमा प्रभावकारी समन्वय स्थापना गर्ने ।

(ङ) फोहरमैलालाई स्रोतमै बर्गीकरण गर्ने व्यवस्थालाई अभ्यासमा ल्याउनको लागि आबश्यक नीति तर्जुमा गर्ने ।

(च) जैविक मल उत्पादन गर्ने मेसिन तथा अन्य विकल्पहरुको संचालन तथा दिगोपनाको लागि आवश्यक हेरचाह, अनुगमन तथा सहयोग उपलब्ध गर्ने तथा उत्पादन भएको मलको समेत पालिका संगको समन्वयमा व्यबस्थापन तथा वितरण गर्ने व्यवस्था मिलाउने ।



घनश्याम पाण्डे

(छ) वर्गीकृत फोहर मध्ये प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (3R= Reduce, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(ज) फोहरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(झ) उपमहानगरपालिका क्षेत्रलाई पूर्ण सरसफाइयुक्त क्षेत्र वनाउन वडास्तर र नगरस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ञ) फोहर व्यवस्थापनमा क्रमश: स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(ट) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको संभावनाको अध्ययन गर्ने ।

(ठ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(ड) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(ढ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि पूर्वाधार विकास, सरसफाइ र जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(ण) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(त) तुलसीपुर उपमहानगरपालिकाको सरसफाइ तथा फोहरमैला व्यवस्थापन गर्ने कार्यका लागि स्थापना भएको शाखाको कार्यलाई समन्वय गरी सहयोग गर्ने ।

६) फोहर व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य विना जानकारी नियमित रुपमा ३ वटा बैठकमा उपस्थीत नभएको अवस्थामा, यसै समितिको बाँकी सदस्यहरुले नगर प्रमुख संगको समन्वयमा बैठकको आयोजना गरि निस्कृय रहने अध्यक्ष तथा सदस्यलाई फोहरमैला व्यवस्थापन समितिबाट निस्कान गरि अन्यलाई आवश्यकताको आधारमा चयन गर्न सक्ने छ ।

## परिच्छेद- ४

## फोहरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाहरु



घनश्याम पाण्डे
प्रमुख

७) **रासायनिक विषादी सम्बन्धी व्यवस्था:**

क) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(ख) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

८) **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन:**

(क) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(ख) अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

९) **फोहोरमैलाको निष्काशन:**

(क) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका, यस उपमहानगरपालिका वा सम्वन्धित वडाले निर्धारण गरे बमोजिमको मापदण्ड अनुसार हुनेछ ।

(ख)हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुन: प्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

१०) **फोहोरमैला कम उत्पादन गर्ने:**

(क) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा सकभर कम भन्दा कम फोहोर उत्पादन हुने गरि काम गर्नुपर्नेछ ।

(ख) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुन: प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(ग) उत्पदान भएको फोहरलाई कुहिने तथा नकुहिने फोहरलाई वर्गीकरण गरेको हुनुपर्नेछ ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

**११) फोहरमैला व्यवस्थापन सम्बन्धी आर्थिक अधिकारः**

फोहरमैला व्यवस्थापनको लागि खटाइएको शाखाका अधिकृत स्तरको कर्मचारीले फोहरमैला व्यवस्थापन कार्यहरु संचालन गर्दा कार्यालय प्रमुखको स्वीकृतीमा बढीमा रु ५,००,०००/- (अक्षेरुपी पाँच लाख सम्म) स्वीकृत गराई अनुसूचि १ बमोजिमको कार्यआदेश सोझै कार्य गर्न सक्ने छ। सो भन्दा माथिको काम गर्न परेमा प्रविधिक लागत अनुमान अनुसार कानुनमा तोकिए बमोजिम गर्ने ।

**१२) अभिलेख व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन गर्ने शाखाले फोहरमैला व्यवस्थापन सम्बन्धी अभिलेख यस कार्यविधिको अनुसूची २ मा रहे ढाँचा बमोजिम अभिलेख गर्नुपर्नेछ ।

**१३) समिति तथा उपसमिति गठन गर्न सक्नेः**

तुलसीपुर उपमहानगरपालिकाले आवश्यकता अनुसार फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी वनाउन पालिका अन्तरगत वडा, टोल, स्तरीय समिति तथा उपसमितिहरु गठन गरि परिचालन गर्न सक्नेछ ।

**१४) सेवा शुल्क उठाउन सक्नेः**

(क) उपमहानगरपालिका वा सम्वन्धित वडा वा उपमहानगरपालिकाले तोकेको निकायले फोहरमैला व्यवस्थापन गरे बापत सम्वन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनेछ ।

(ख) शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा उपमहानगरपालिका वा सम्वन्धित वडाले गर्नेछ ।

(ग) शुल्क उपमहानगरपालिका वा सम्वन्धित वडा आफैंले वा तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(घ) विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ ।

(ङ) शुल्कको निर्धारण तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

**१५) सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

(क) तुलसीपुर उपमहानगरपालिकाले दफा १४ बमोजिमको शुल्न नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(ख) दफा १५ को (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि फोहलमैला व्यवस्थापन गर्न दफा १४ बमोजिम शुल्क नबुझाउने सेवाग्राहीहरुको सेवा निलम्बन वा अन्त्य गरी सो को जानकारी जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले तुलसीपुर उपमहानगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।



घनश्याम पाण्डे
प्रमुख

(ग) दफा १५ को (क) र (ख) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नुपर्नेछ ।

**१६) कसूर:** कसैले देहाय बमोजिमको कुनै काम गरेमा प्रचलित नेपाल कानून र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ ।

(क) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ख) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(ग) नगरपालिका वा सम्वन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने

(घ) प्रचलित नेपाल कानून बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ज) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक, नाला वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(झ) उपमहानगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ञ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ट) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ठ) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने ।

(ड) चुरोट तथा सुर्तिजन्य (पान पुकार गुटका आदि) जस्ता वस्तुको फोहर जथाभावी फाल्ने । आदि



घनश्याम पाण्डे
प्रमुख

१७) **पुरस्कार दिन सकिने:**

फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई तुलसीपुर उपनगरपालिका वा सम्वन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

१८) **उजुरी दिन सक्ने व्यवस्था:**

तलसीपुर उपमहानगरपालिका भित्र हुने कुनै पनि अनाधिकृत फोहर सम्बन्धी उजुरी वा गुनासो स्थानीय व्यक्ति, संघ संस्थाहरु, निकाय तथा जो सुकैले पनि यस उपमहानगरपालिकाले प्रयोगमा ल्याएको प्रविधिमैत्री मोवाईल अप्लीकेसन वा लिखित मार्फत समेत गर्न सक्नेछन् ।

१९) **संसोधन तथा खारेजी:**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेजी गर्न सक्नेछ ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

अनुसूचि १

(दफा ११ संग सम्बन्धित)

फोहरमैला व्यवस्थापनकको कार्यको लागि कार्यालय प्रमुख बाट स्वीकृत गराउने कार्यआदेश

मिति............................

श्रीमान्

विषयः कार्यआदेश सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस तुलसीपुर उपमहानगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापनका लागि तपसिल बमोजिमको कार्य गर्न आवश्यक भएकोले कार्यआदेशका लागि अनुरोध छ।

तपसिल

| क्र. स | कामको विवरण | परिमाण<br>नाप / सङ्ख्या | दर | अनुमानित खर्च हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

पेश गर्नेको राय

शाखाको राय / सिफारिस

..................................

स्वीकृत गर्ने

घनश्याम पाण्डे
प्रमुख

अनुसूचि २

(दफा १२ संग सम्बन्धित)

शाखा बाट सम्पादित कार्यहरुको अभिलेख

तुलसीपुर उपमहानगरपालिका सरसफाई तथा फोहरमैला व्यवस्थापन शाखाबाट सम्पादित कार्यहरुको अभिलेख

| क्र.स. | वडा<br>टोलको नाम | कामको विवरण | कार्यसम्पादन गर्न लागेको समय) | | खटाईएको जनशक्ति (जना) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |